# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।११।१४ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**


सवारी चालक अनुमतिपत्र लाइसेन्सको लिखित तथा प्रयोगात्मक परीक्षामा घुस/रिसवत लिई परीक्षार्थीहरुलाई उत्तीर्ण गराउने गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बाँके, यातायात व्यवस्था कार्यालय नेपालगञ्जका कर्मचारीहरुले नक्कली सवारी चालक अनुमति पत्र बितरण गरी मासिक ३ करोड भन्दा बढी रकम कलेक्सन गर्ने गरेको भन्ने समेतको सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगाल र आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय, नेपालगञ्जबाट संयुक्त रुपमा खटिई गएको टोलीले मिति २०८१।१२।२७ गते यातायात व्यवस्था कार्यालय नेपालगञ्जमा कार्यरत कम्प्युटर अपरेटर शक्ति ठाकुर, सहायक कम्प्युटर अपरेटर (ज्यालादारी) मनोज गिरी, घरेलु तथा साना उद्योग कार्यालय नेपालगञ्ज, बाँकेका नायब सुब्बा मुकुन्दराज के.सी. र मामा भान्जा मोटर ड्राइभिङ सेन्टर नेपालगञ्जका प्रोप्राइटर शरद कुमार गोराथोकीलाई निजले प्रयोग गर्ने गरेका बिद्युतीय उपकरणसहित बाँके जिल्लाका बिभिन्न स्थानबाट नियन्त्रणमा लिई थप अनुसन्धान गर्दा यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद ४ बमोजिम तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को परिच्छेद ४ को नियम २०ख. बमोजिमको लिखित तथा प्रयोगात्मक परीक्षा र लुम्बिनि प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को परिच्छेद ४ मा व्यवस्था भए बमोजिमको प्रक्रियाहरू, सवारीचालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका २०७७, नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट जारी भएको सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा स्थलमा जडित **CCTV Camera** सञ्चालन कार्यविधि निर्देशिका २०७७, नेपाल सरकार गृह मन्त्रालयबाट जारी भएको **CCTV** जडान तथा सञ्चालन कार्यविधि २०७२ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधन सहितको) समेतको कानूनी व्यवस्था अनुसरण गरी गराई सवारीचालक अनुमतिपत्र लाइसेन्सको लिखित तथा प्रयोगात्मक परीक्षामा परीक्षार्थीहरूलाई संलग्न गराई अन्तिम नतिजा प्रकाशन समेत गरी सवारी चालक अनुमतिपत्र लाइसेन्स वितरण गर्नु गराउन पर्ने कर्तव्य भएका राष्ट्रसेवक प्रतिवादीहरु यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका तत्कालीन कार्यालय प्रमुखहरु लोक बहादुर सुनार, रमेश बहादुर बुढाथोकी, निमित्त कार्यालय प्रमुख तथा वरिष्ठ लेखा अधिकृत दिनेश सिंह ठाकुर, निमित्त कार्यालय प्रमुख तथा वरिष्ठ शाखा अधिकृत रविन्द्र के.सी., अधिकृत छैठौं तह (क.अ.) शक्ति ठाकुर, अधिकृत छैठौं प्रेम प्रसाद उपाध्याय, कम्प्युटर अधिकृत छैठौं मधुकर जंग शाह, अधिकृत छैठौं नरभुपाल पौडेल, अधिकृत छैठौं पूर्णमान वली, कम्प्यूटर अधिकृत सतिष जङ्ग शाह, कम्प्युटर अधिकृतस्तर छैठौं कृष्ण बहादुर बि.क., अधिकृत छैठौं काशिराम खत्री, अधिकृत छैठौं बालकृष्ण चौधरी, नायब सुब्बा चित्र बहादुर महतारा, नायब सुब्बा टोप बहादुर बयक, नायब सुब्बा गोपाल शर्मा, मेकानिकल सुपरभाइजर पुष्कर

राज शर्मा मेकानिकल सुपरभाइजर सुशील कुमार शर्मा, सहायक कम्प्युटर अपरेटर मनोज गिरी, सहायक कम्प्यूटर अपरेटर शर्मिला थापा, कार्यालय सहयोगी जय नारायण भण्डारी, साविकमा यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेमा कार्यरत रही हाल घरेलु तथा साना उद्योग कार्यालय नेपालगञ्ज, बाँकेमा कायरत नायब सुब्बा मुकुन्द राज के.सी, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँके, कोहलपुरका तत्कालीन प्रहरी निरीक्षक पुस्कर राज पन्त, प्रहरी वरिष्ठ नायब निरीक्षक नन्द कुमार पोखरेल प्रहरी वरिष्ठ नायब निरीक्षक प्रविण आचार्य, प्रहरी सहायक निरीक्षक दमन बिक्रम सेनसमेतले गैर राष्ट्रसेवक प्रतिवादीहरु न्यू मामा भान्जा मोटर ड्राइभिङ ट्रेनिङ्ग सेन्टरको सञ्चालक शरद कुमार गोराथोकी, न्यू स्वर्गद्धारी ड्राईभीङ्ग सेन्टरको प्रोपाईटर चिरन्जिवी पोखेल, रेसुङ्गा मोटर ड्राईभिङ्ग प्रशिक्षण केन्द्रको प्रोपाईटर माधव पोखरेल, शुभ स्वस्तिक ड्राइभिङ सुकुल प्रा.लि.को प्रमोद कुमार देवकोटा, राजकुमार ड्राइभिङ सेन्टरको सञ्चालक सीता श्रेष्ठ, न्यू मामा भान्जा मोटर साइकल रि-कन्डिसन हाउसको प्रतिनिधि/लेखनदास मोतिकला भण्डारी, भेरी बस व्यवसायी प्रा.लि. को प्रबन्धक संचालक/सुवेदी किराना पसलको संचालक/ सुवेदी इन्जिनियरीङ्ग वर्कसपको संचालक कृष्ण प्रसाद सुवेदीसमेतसँगको मिलेमतो तथा योजनामा बदनियत राखि उल्लिखित कानूनी प्रक्रियाहरूको अनुसरण नगरी नगराई पूर्ववत् योजना र सेटिङबमोजिम उत्तीर्ण गराउनुपर्ने सिफारीस बमोजिमका विभिन्न परीक्षार्थीहरुको विवरण प्रतिवादीहरु बीच पटक पटक आदान प्रदान तथा सम्पर्कमा रही पूर्व योजना बमोजिम सवारी चालक अनुमतिपत्र लाइसेन्स बनाई दिएबापत सेवाग्राहीहरूलाई दुःख हैरानी दिई दिन लगाई निजहरूबाट घुस रिसवतबापत रकम लिई खाने/खुवाउने मनसायले राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो जिम्मेवारीसँग स्वार्थ बाझिने गैर राष्ट्रसेवक प्रतिवादीहरुहरूसँग नियमित सम्पर्क भेटघाट गर्ने गरेको, प्रतिवादीहरु शक्ति ठाकुर समेतका राष्ट्रसेवक प्रतिवादीहरुले बिचौलियाको काम गर्ने प्रतिवादीहरु न्यू मामा भान्जा मोटर ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टरका सञ्चालक शरद कुमार गोराथोकीसमेतका अन्य गैरराष्ट्रसेवकसमेत मार्फत यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेबाट सञ्चालन हुने सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा उत्तीर्ण गराउनुपर्ने परीक्षार्थीहरुको नाम, Applicant ID,वर्ग (category), नगदी रसिद एक आपसमा आदानप्रदान गरे/गराएको तथ्य पुष्टि भएको देखिएको।


यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका कर्मचारीहरु, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँकेका ट्राफिक प्रहरी कर्मचारीहरू र न्यू मामा भान्जा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टरको सञ्चालक शरद कुमार गोराथोकी समेतका बिचौलियाहरू लगायतको राष्ट्रसेवक/गैर राष्ट्रसेवक प्रतिवादीहरु बीच घुस रिसवत लिई दिई भ्रष्टाचारजन्य कसुर गरेको कार्य प्रकृतिहरुलाई अलग अलग ३ वटा छुट्टाछुट्टै फ्लोचार्टमा देहाय बमोजिम प्रस्तुत गरिएको छ;-

## <u>देहायः</u>


**फ्लोचार्ट १: अनुसन्धानको क्रममा पक्राउ परेका ४ मुख्य प्रतिवादीहरू बिचको कसुर जन्य कार्यको अन्तरसम्बन्ध**



**फ्लोचार्ट २: विभिन्न ड्राइभिङ सेन्टर, बस व्यवसायी, न्यू मामा भान्जा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टरको सञ्चालक र यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका कर्मचारी शक्ति ठाकुर बिचको अन्तरसम्बन्ध**



## फ्लोचार्ट ३: यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका कर्मचारीहरू र जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका ट्राफिक प्रहरीहरू अन्य कार्यालयका कर्मचारीहरू बिचको अन्तरसम्बन्ध



## कारोबारको दर

| सवारी चालक अनुमतिपत्रको वर्ग | प्रयोगात्मक परीक्षामा समावेश भएका परीक्षार्थी सङ्ख्या | प्रयोगात्मक परीक्षा उत्तीर्ण भएका परीक्षार्थी सङ्ख्या | जम्मा जारी भएका (वर्ग थप समेत) सवारी चालक अनुमतिपत्रको सङ्ख्या | परीक्षार्थीहरू को २०% सङ्ख्या | अनुसन्धानको क्रममा देखिन आएको वर्ग अनुसारको दर | जम्मा रकम(रू.) |
|---|---|---|---|---|---|---|
| A-Motorcycle, Scooter, Moped | २२४१३ | १४९५३ | १४०९२ | २८१८.४० | १२००० | ३,३८,२०,८०० |
| B-Car, Jeep, Delivery Van | १२९९० | ८०११ | ७१५८ | १४३१.६ | १७००० | २,४३,३७,२०० |
| G-Truck, Bus, Lorry | ३५०० | २५२१ | २१९६ | ४३९.२० | २४००० | १,०५,४०,८०० |
| K-Scooter, Moped | ३३३३ | २१५७ | २०६५ | ४१३ | १०००० | ४१,३०,००० |
| F-Minibus, Minitruck | ११७२ | ५६१ | ६०१ | १२०.२ | २२००० | २६,४४,४०० |
| C-Tempo, Autorickshaw | ९२९ | ६४६ | ५७८ | ११५.६ | १२००० | १३,८७,२०० |
| **अन्य वर्ग (H,I, J समेत)** | २६३४ | १५९६ | १०८३ | १६२.४५ | २२००० | ३५,७३,९०० |
| **कूल जम्मा** | **४६९७१** | **३०४४५** | **२७७७३** | **५५००.४५** | | **८,०४,३४,३००** |

## विगो तालिका

| क्र.सं. | प्रतिवादीहरु | **WhatsApp Chat** मार्फत आदानप्रदान भएको हिसाबहरू बाट (रू.) | **Digital Forensics** को प्रतिवेदनसाथ प्राप्त कारोबार बाट(रू.) | **Bank/Esewa Statement** बाट(रू.) | जम्मा विगो (रू.) |
|---|---|---|---|---|---|
| १ | रविन्द्र के.सी. | १,५३,७१,६००.०० | ३६१७२१०.०० | | १८,९८८,८१०.०० |
| २ | लोक बहादुर सुनार | १,२८,९५,५११.०० | ३३,५०,०७२.३० | | १६,२४५,५८३.३० |
| ३ | दिनेश सिंह ठाकुर | ४८,६३,३००.०० | १८,८४,०३९.०० | | ६,७४७,३३९.०० |
| ४ | रमेश बहादुर बुढाथोकी | ३,६१,२९,४००.०० | १६,७३,२१७.०० | | ३७,८०२,६१७.०० |
| ५ | शक्ति ठाकुर | ५२,६१८,६८६.०० | २,१६७,५५७.०० | - | ५४,७८६,२४३.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मुकुन्द राज के.सी. | ३०,३४१,१२५.०० | ४,६४१,५००.०० | ९९०,६००.०० | ३५,९७३,२२५.०० |
| ७ | मनोज गिरी | २२,४९६,०००.०० | २५,०००.०० | २०१,०००.०० | २२,७२२,०००.०० |
| ८ | नन्द कुमार पोखरेल | ४,७६६,०००.०० | - | - | ४,७६६,०००.०० |
| ९ | पुष्कर राज पन्त | ४,१३७,०००.०० | - | १७७,०००.०० | ४,३१४,०००.०० |
| १० | प्रविण आचार्य | ४,१३७,०००.०० | - | - | ४,१३७,०००.०० |
| ११ | गोपाल शर्मा | ४,०५३,०००.०० | - | - | ४,०५३,०००.०० |
| १२ | दमन विक्रम सेन | ३,२७९,०००.०० | - | ७५,०००.०० | ३,३५४,०००.०० |
| १३ | काशिराम खत्री | ३,०७२,०००.०० | - | - | ३,०७२,०००.०० |
| १४ | चित्र बहादुर महतारा | १,५६७,०००.०० | - | - | १,५६७,०००.०० |
| १५ | सुशिल कुमार शर्मा | १,३४७,०००.०० | - | - | १,३४७,०००.०० |
| १६ | जय नारायण भण्डारी | १,२७५,०००.०० | - | ४३,०००.०० | १,३१८,०००.०० |
| १७ | सतिष जंग शाह | ९५०,०००.०० | - | - | ९५०,०००.०० |
| १८ | पूर्णमान वली | ८२८,०००.०० | - | - | ८२८,०००.०० |
| १९ | टोप बहादुर बयक | ७७१,०००.०० | - | - | ७७१,०००.०० |
| २० | बालकृष्ण चौधरी | - | - | ५७७,५२१.३० | ५७७,५२१.३० |
| २१ | पुष्कर राज शर्मा | ५३९,०००.०० | - | - | ५३९,०००.०० |
| २२ | प्रेम प्रसाद उपाध्याय | ३७६,०००.०० | - | - | ३७६,०००.०० |
| २३ | मधुकर जंग शाह | ३००,०००.०० | - | - | ३००,०००.०० |
| २४ | कृष्ण बहादुर वि.क. | १००,०००.०० | - | १०९,०००.०० | २०९,०००.०० |
| २५ | शर्मिला थापा | १४३,५००.०० | - | - | १४३,५००.०० |
| २६ | नरभुपाल पौडेल | १००,०००.०० | - | - | १००,०००.०० |
| २७ | शरद कुमार गोराथोकी | २९,५४५,७१२.०० | १०,४८०,६३८.३० | | ४०,०२६,३५०.३० |
| २८ | चिरञ्जिवी पोख्रेल | - | - | १,१७१,५००.०० | १,१७१,५००.०० |
| २९ | माधव पोखरेल | - | - | ३२२,०००.०० | ३२२,०००.०० |
| ३० | कृष्ण प्रसाद सुवेदी | - | - | १२७,०००.०० | १२७,०००.०० |
| ३१ | प्रमोद कुमार देवकोटा | - | - | ७८,०००.०० | ७८,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | सिता श्रेष्ठ | - | - | ५९,३६०.०० | ५९,३६०.०० |
| ३३ | मोतिकला भण्डारी | - | - | ४६,०००.०० | ४६,०००.०० |

यसैगरी प्रतिवादीहरु शक्ति ठाकुर र मनोज गिरी बीच एक आपसमा सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा उत्तीर्ण गराउनुपर्ने पूर्व योजना तथा सेटिङ बमोजिमका परीक्षार्थीहरूको लाइसेन्स वर्ग अनुसारको हिसाब राख्ने, यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका संलग्न विभिन्न कर्मचारीहरूको नाम, सिफारीस बमोजिमको लाइसेन्सको वर्ग, सङ्ख्या र सङ्ख्या बमोजिमको हिसाब कागजमा लेख्ने/लेखाउने र सो बापतको घुस रिसवत रकम उठाई उक्त हिसाब WhatsApp Chat समेतबाट प्रतिवादीहरु बीच आदानप्रदान गरी गराई रकमको व्यस्थापन गर्ने गराउने गरेको तथ्य माथि विवेचित आधार प्रमाणहरुबाट पुष्टि भएको। प्रतिवादीहरुबाट बरामद भएका विभिन्न डिजिटल डिभाइसहरू अधिकार प्राप्त निकायमा परीक्षणको लागि पठाई प्राप्त फरेन्सिक परीक्षण प्रतिवेदनहरुको अध्ययन विश्लेषण गर्दा प्रतिवादीहरुले मोटरसाइकलको रू.१०,०००।- देखि रू. १२,०००।- रकम लिने गरेको र कार तथा अन्य वर्गका सवारीचालक अनुमतिपत्रका लागि रू. १५,०००।- देखि रू. २२०००।- रकम लिने गरेको र ट्रक/बसको हकमा रू. २४,०००।- र अन्य बर्गको हकमा रु.२२,०००।— रकम घुस रिसवत वापत लिई दिई परीक्षार्थीहरुलाई परीक्षामा समावेश गराई परीक्षामा उत्तीर्ण समेत गरे गराएको तथ्य पुष्टि भएको देखिएको, प्रतिवादीहरु मुकुन्द राज के.सी.समेतले आफू यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेमा कार्यरत नरहँदाको अवस्थामा समेत आफूले प्रतिवादीहरु शक्ति ठाकुर, शरद कुमार गोराथोकी र मनोज गिरी समेतलाई सवारी चालक अनुमतिपत्र लाइसेन्सको परीक्षार्थीहरूको Applicant ID, Entrance Card को फोटो, लाइसेन्सको वर्ग, List समेत आपसी योजनामा WhatsApp Chat समेतबाट आदानप्रदान गर्ने तथा सो बापतको रकम संकलनको हिसाब किताबको विवरण समेत आदानप्रदान गरी गराई प्रतिवादी शरद कुमार गोराथोकी समेतका अन्य प्रतिवादीहरुलाई संलग्न गरी गराई रकमको व्यवस्थापन गर्ने गरेको तथ्य पुष्टि भएको। उक्त घुस रिसवतबाट प्राप्त ठूलो रकम प्रतिवादीहरुको पूर्व योजना तथा सहमती बमोजिम प्रतिवादीहरू मध्ये शक्ति ठाकुर, मुकुन्द राज के.सी. र मनोज गिरीसमेतले प्रतिवादी शरद कुमार गोराथोकी मार्फत परिचालन र व्यवस्थापन गर्ने गरेको प्रमाणहरुबाट पुष्टि भएको।प्रतिवादी शक्ति ठाकुरले सवारीचालक अनुमतिपत्र लाइसेन्सको प्रयोगात्मक परीक्षाको विशेषज्ञ टोलीको संयोजकको रूपमा जिम्मेवारी निर्वाह गर्ने क्रममा अन्य प्रतिवादीहरू मुकुन्द राज के.सी., मनोज गिरी, शरद कुमार गोराथोकी समेतसँग सेटिङ एवं एकआपसमा साँठगाँठ गरी परीक्षार्थीहरू समेतलाई घुस रिसवत बापतको रकम लेनदेन गरेको तथा उक्त घुस रिसवत लेनदेनमा प्रतिवादीहरू शरद कुमार गोराथोकी, कृष्ण प्रसाद सुवेदी, माधव पोखरेल, चिरञ्जिवी पोखरेल, सीता श्रेष्ठ, प्रमोद कुमार देवकोटा, मोतिकला भण्डारी समेतले मतियार एवं दुरूत्साहनको कार्य समेत गरेको तथ्य स्थापित भएको। साथै प्रतिवादीहरु शक्ति ठाकुरसमेतले घुस रिसवत बापत रकम प्राप्त गरी गराई रकम लिई/दिई आफू समेतका यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका राष्ट्रसेवक प्रतिवादीहरु, साविक यातायात व्यवस्था कार्यालय नेपालगञ्जमा कार्यरत रही हाल घरेलु तथा साना उद्योग कार्यालय नेपालगञ्ज, बाँकेमा कार्यरत नायब सुब्बा मुकुन्द राज के.सी., जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेको कार्यालय प्रमुख प्रहरी निरीक्षक पुष्कर राज पन्त समेतका ट्राफिक प्रहरी कर्मचारीहरू समेतले अन्य गैरराष्ट्रसेवक प्रतिवादीहरु शरद कुमार गोराथोकी, कृष्ण प्रसाद सुवेदी, माधव पोखरेल, चिरञ्जिवी पोख्रेल, सीता श्रेष्ठ, प्रमोद कुमार देवकोटा, मोतिकला भण्डारीसमेत सँगको मिलेमतोमा

बदनियत राखी एक आपसमा पूर्ववत् योजना बनाई आपसी मिलेमतोमा विभिन्न माध्यमबाट टिपाएका सवारीचालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा समावेश गराइएका परीक्षार्थीलाई सवारी चालक अनुमति पत्र उपलव्ध गरे गराए वापत लिए दिएको घुस/रिसवत रकमको हिसाबकिताब राखी राख्न लगाई कागजको पानामा लेखी लेखाई सो समेत कारोबारको विवरण ह्वाटसएप च्याट लगायतबाट लिए/दिएको रकमको पारदर्शिता समेत कायम गर्नको लागि QR code समेतको फोटो आदानप्रदान गरी गराई प्रतिवादीहरु बीच घुस रिसवत लिने दिने तथा बाँडफाड गरे गराई गैरकानुनी लाभ लिने दिने कार्य गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भएको राष्ट्रसेवक प्रतिवादीहरु समेतको नाममा आपसी सहमति तथा योजनामा घुस रिसवत वापत संकलन गरे गराएको रकम आपसमा बाँडी खाई व्यक्तिगत लाभ लिनदिनको लागि यातायातसँग सम्बन्धित वा असम्बन्धित अन्य कार्यालयको कर्मचारी र अन्य बाह्य व्यक्तिहरु समेत संलग्न गरी/गराई विभिन्न प्रभाव वा दवाब वा प्रलोभनमा परी/पारी परीक्षार्थीहरुको विवरण पहिले नै सम्बन्धित कर्मचारीलाई पठाई/प्राप्त गरि परीक्षार्थीहरुलाई उत्तीर्ण गराउने कार्यमा आफु मातहतका कर्मचारीहरुलाई समेत निर्देशित गरी गराई घुस रिसवत वापत रकम संकलन गरी गराई व्यक्तिगत लाभ लिने तथा दिने कार्यमा संलग्न भई परीक्षाको मर्यादा विपरीतको कार्य गरी गराई आफ्नो पदीय जिम्मेवारी बहन नगरी बदनियत राखी आफु समेत अन्य कार्यालयको कर्मचारी र अन्य बाह्य व्यक्तिहरु समेत संलग्न गरी/गराई घुस रिसवत रकम लिए लिन लगाएको तथा दिए दिन लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुर गरेकोले देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| **सि.नं** | **नामथर, पद र कार्यालय** | **बिगो रु.** | **कसुर तथा सजायको मागदाबी** |
|---|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका तत्कालीन कार्यालय प्रमुख (उपसचिव) हाल आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेशका सचिव (सह-सचिव) **लोक बहादुर सुनार** | **रू.१,६२,४५,५८३।३०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एक करोड बैसठ्ठी लाख पैतालीस हजार पाँच सय त्रियासी रुपैया र तिस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका तत्कालीन निमित्त कार्यालय प्रमुख | **रू.१,८९,८८,८१०।–** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एक करोड उनान्नब्बे लाख अठासी हजार आठ सय दश कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन |

| | | | |
|---|---|---|---|
| | तथा वरिष्ठ शाखा अधिकृत **रविन्द्र के.सी.** | | सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ३. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका तत्कालीन निमित्त कार्यालय प्रमुख तथा वरिष्ठ लेखा अधिकृत **दिनेश सिंह ठाकुर** | **रू.६७,४७,३३९।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. सत्सठ्ठी लाख सत्चालिस हजार तिन सय उनान्चालीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ४. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज बाँकेका तत्कालीन कार्यालय प्रमुख **रमेश बहादुर बुढाथोकी** | **रू.३,७८,०२,६१७।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तिन करोड अठहत्तर लाख दुई हजार छ सय सत्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ५. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका अधिकृत छैठौं तह (क.अ.) **शक्ति ठाकुर** | **रू.५,४७,८६,२४३।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. पाँच करोड सत्चालीस लाख छयासी हजार दुई सय त्रिचालिस  कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को |

| | | | |
|---|---|---|---|
| | | | दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ६. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका अधिकृत छैठौं **प्रेम प्रसाद उपाध्याय** | **रू. ३,७६,०००।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तिन लाख छैहत्तर हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ७. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेमा कम्प्युटर अधिकृत छैठौं पदमा कार्यरत **मधुकर जंग शाह** | **रू.३,००,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तिन लाख कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ८. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेमा अधिकृत छैठौं **नरभुपाल पौडेल** | **रू.१,००,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एक लाख कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ९. | यातायात व्यवस्था | **रू. ८,२८,०००।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) |

| | | | |
|---|---|---|---|
| | कार्यालय, नेपालगञ्ज, बाँकेका अधिकृत छैठौं **पूर्णमान वली** | | बमोजिमको कसुर भएको हुँदा बिगो रू. आठ लाख अठ्ठाईस हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १०. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका कम्प्यूटर अधिकृत सतिष जङ्ग शाह | **रू. ९,५०,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. नौ लाख पचास हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ११. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका कम्प्युटर अधिकृतस्तर छैठौं **कृष्ण बहादुर बि.क.** | **रू. २,०९,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. दुई लाख नौ हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १२. | यातायात व्यवस्था कार्यालय,नेपालगञ्ज बाँकेमा कार्यरत अधिकृत छैठौं **काशिराम खत्री** | **रू.३०,७२,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तिस लाख बहत्तर हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १३. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज बाँकेका तत्कालीन अधिकृत छैठौं **बालकृष्ण चौधरी** | **रू.५,७७,५२१।३०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. पाँच लाख सतहत्तर हजार पाँच सय एकाईस रुपैया तिस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १४. | साविकमा यातायात व्यवस्था कार्यालय, बाँकेमा कार्यरत रहि हाल घरेलु तथा साना उद्योग कार्यालय नेपालगञ्ज, बाँकेका नायब सुब्बा **मुकुन्द राज के.सी.** | **रू.३,५९,७३,२२५।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तिन करोड उनान्साठी लाख त्रिहत्तर हजार दुई सय पच्चीस कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १५. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका नायब सुब्बा **चित्र बहादुर महतारा** | **रू.१५,६७,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. पन्ध्र लाख सत्सठ्ठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) |

| | | | |
|---|---|---|---|
| | | | को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १६. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेमा नायब सुब्बा **टोप बहादुर बयक** | **रू.७,७१,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. सात लाख एकहत्तर हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १७. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका नायब सुब्बा **गोपाल शर्मा** | **रू.४०,५३,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. चालिस लाख त्रिपन्न हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १८. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका मेकानिकल सुपरभाइजर **पुष्कर राज शर्मा** | **रू.५,३९,०००।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. पाँच लाख उनान्चालिस हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| १९. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका | **रू.१३,४७,०००।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तेह्र लाख सत्चालीस हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ |

| | | | |
|---|---|---|---|
| | मेकानिकल सुपरभाइजर **सुशील कुमार शर्मा** | | को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २०. | यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका सहायक कम्प्युटर अपरेटर **मनोज गिरी** | **रू.२,२७,२२,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. दुई करोड सत्ताईस लाख बाईस हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २१. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज बाँकेमा कार्यालय सहयोगी **जय नारायण भण्डारी** | **रू.१३,१८,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तेह्र लाख अठार हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २२. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज बाँकेमा सहायक कम्प्यूटर अपरेटर (ज्यालादारी) **शर्मिला थापा** | **रू.१,४३,५००।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एक लाख त्रिचालिस हजार पाँच सय कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २३. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँके, कोहलपुरमा प्रहरी निरीक्षक पदमा कार्यरत **पुस्कर राज पन्त** | **रू.४३,१४,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू.त्रिचालिस लाख चौध हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २४. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँके कोहलपुर अन्तर्गत अस्थाई ट्राफिक प्रहरी पोष्ट, नेपालगञ्जका प्रहरी वरिष्ठ नायब निरीक्षक **नन्द कुमार पोखरेल** | **रू.४७,६६,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. सत्चालिस लाख छैसठ्ठी हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २५. | तत्कालीन जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँके हाल जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक **प्रविण आचार्य** | **रू.४१,३७,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एकचालीस लाख सैत्तीस हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २६. | जिल्ला ट्राफिक प्रहरी कार्यालय | **रू.३३,५४,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तेतिस लाख चौवन्न |

| | | | |
|---|---|---|---|
| | नेपालगञ्ज बाँकेमा, तत्कालीन प्रहरी सहायक निरीक्षक पदमा कार्यरत **दमन बिक्रम सेन** | | हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २७. | न्यू मामा भाञ्जा मोटर ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर, नेपालगञ्ज बाँकेका सञ्चालक **शरद कुमार गोराथोकी** | **रू.४,००,२६,३५०।३०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. चार करोड छब्बीस हजार तिन सय पचास रुपैया तिस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २८. | भेरी बस व्यवसायी प्रा.लि. का प्रबन्धक संचालक/सुवेदी किराना पसलको संचालक/ सुवेदी इन्जिनियरीङ्ग वर्कसपको संचालक **कृष्ण प्रसाद सुवेदी** | **रू.१२७,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एक लाख सत्ताईस हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| २९. | न्यू मामा भान्जा मोटर साइकल रि-कन्डिसन हाउसको प्रतिनिधि/लेखनदास | **रू.४६,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. छयालिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को |

| | | | |
|---|---|---|---|
| | **मोतिकला भण्डारी** | | उपदफा (१) को देहाय (ख) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ३०. | जिल्ला बर्दिया, गुलरिया नगरपालिका वडा नं. ४ को वडा सदस्य तथा राजकुमार ड्राइभिङ सेन्टरको संचालक **सीता श्रेष्ठ** | **रू.५९,३६०।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. उनान्साठ्ठी हजार तिन सय साठ्ठी कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ३१. | नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ४, बाँकेमा रहेको शुभ स्वस्तिक ड्राईभिङ्ग स्कुल प्रा.लि.का तत्कालीन व्यवस्थापक एवं हाल लुम्बिनी प्रदेश प्रहरी अस्पताल, नेपालगञ्ज, बाँकेमा प्रहरी सहायक हवल्दार पदमा कार्यरत प्रमोद कुमार देवकोटा | **रू.७८,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. अठहत्तर हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ३२. | नेपालगञ्ज, उपमहानगरपालिका वडा नं. २, | **रू.३,२२,०००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. तिन लाख बाईस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ |

| | | | |
|---|---|---|---|
| | बाँकेमा रहेको रेसुङ्गा मोटर ड्राईभिङ्ग प्रशिक्षण केन्द्रको प्रोपाईटर **माधव पोखरेल** | | को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |
| ३३. | जिल्ला दाङ्ग, तुल्सीपुर उप-महानगरपालिका वडा नं. ७ मा रहेको न्यू स्वर्गद्धारी ड्राईभीङ्ग सेन्टरको प्रोपाईटर **चिरन्जिवी पोखेल** | **रू.११,७१,५००।-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको हुँदा बिगो रू. एघार लाख एकहत्तर हजार पाँच सय कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत रकम जफत/असुल हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने